चुरे गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
घरखेडा, कैलाली
सुदुरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७६।०७७
चलानी नं. ४४२

मिति:२०७६।०७।१८

श्री सबै वडा कार्यालयहरु
चुरे गाउँपालिका, घरखेडा, कैलाली ।

**बिषय: बेरोजगार सुचिकृत फाररम पूर्ण रुपमा भर्ने सम्बन्धी सुचना ।**

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ बमोजिम बेरोजगार व्यक्तिको रुपमा सुचिकृत भइ न्युनतम रोजगारीमा संलग्न हुन इच्छुक उम्मेद्वारहरुको लगत संकलन गर्ने कार्य आ.व. २०७५/०७६ को चैत्र र बैशाखमा भएको व्यहोरा यहाँहरुलाई अवगत नै छ ।

सो सम्पुर्ण विवरणहरु यस वर्ष रोजगार सुचना प्रणाली(EMIS) मा दर्ता(Entry) गर्नुपर्ने भएको हुदा फारममा उल्लेखित सम्पुर्ण विवरणहरु नभएमा Software ले Accept नगर्ने भएकोले यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा धैरै जसो निवेदकहरुले आवश्यक विवरणहरु पुर्ण रुपमा नभरेको हुदा मिति २०७६।०८।०३ गते भित्र सम्पुर्ण फारम भर्नु हुने बेरोजगार व्यक्तिहरुले आफ्नो आवेदनमा भएका तपशिल बमोजिमका अपुग विवरणहरु समयमा नै रोजगार सेवा केन्द्रमा गइ पुर्ण रुपमा भराउन हुन सरोकारवाला सबैलाई सुचित गरिन्छ । साथै आवेदनहरु पुर्ण रुपमा नभरिएको खण्डमा रोजगार व्यवस्थापन सुचना प्रणाली (EMIS) मा अनलाईन दर्ता नहुने र सो फारम भरेका बेरोजगार व्यक्तिहरु स्वत: रुपमा बेरोजगार सूची बाट हट्ने भएकोले त्यसको जवाफदेहिता सम्बन्धित बेरोजगार व्यक्तिले नै लिनु पर्ने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल:

१. पारिवारिक विवरण: सम्पुर्ण परिवारका सदस्यहरुका नाम, नाता, जन्म मिति, नागरिकता नं र जारी मिति ।
२. निवेदक सहित परिवारका सम्पुर्ण सदस्यको शैक्षिक यवग्यता, सिप/दक्षता, /रोजगारीको अवस्था ।
३. निवेदकको फोटो नागरिकताको प्रतिलिपि ।
४. स्थायी बासस्थान खुल्ने आवश्यक कागजातको प्रतिलिपि: नागरिकता, बसाइसराइ, बिबाह दर्ता ।
५. कुल बार्षिक पारिवारिक आम्दानी, परिवारका कुनै पनि सदस्यको सामाजिक सुरक्षा भत्ता तथा अन्य (पेन्सन) सुबिधा पाए/नपाएको र काम गर्ने समय अनिवार्य रुपमा भर्नुपर्ने ।
६. रोजगारीको अवस्था (स्वदेश/ बिदेश/ स्वरोजगार) को अवस्था अनिवार्य रुपमा भर्नुपर्ने छ ।
७. निवेदकको मोवाइल नम्बर, कामको अनुभव आदी अन्य सवै विवरणहरु ।

२०७६।७।१८
....................
**प्रमुख प्रशासकिय अधिकृत**

**बोदार्थ: सुचना प्रविधि शाखा: सुचना** website **मा** update गरिदिनहुन ।
सबै वडा कार्यालयहरु:सुचनाको पहुच हुने गरि ठाउँ ठाउँमा सुचना टास गरिदिनहुन ।